महाराजगंज नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
महाराजगंज, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

प.सं.०८३/८४
च. नं.

मिति :२०८३/०७/०९

सूचना । सूचना। सूचना ।

विषय : प्रस्ताव आह्वान गरिएको सम्बन्धमा

उपरोक्त विषयमा महिला बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालयको चालु आ.व. २०८३।८४ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत यस नगरपालिकामा सञ्चालन हुने राष्ट्रिय महिला सशक्तिकरण परियोजना अन्तर्गत तपसिलको कार्यक्रम सञ्चालनका लागि इच्छुक संघसंस्थाले सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र उल्लिखित कागजातसहित स्थानीय तहमा जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन कार्यविधि,२०८२ बमोजिमको आर्थिक तथा प्राविधिक प्रस्ताव महाराजगंज नरपालिकाको कार्यालयमा पेश गर्न आह्वान गरिन्छ ।

तपसिल

कार्यक्रमको नाम	लक्षित वर्ग	विनियोजित बजेट रु. हजारमा	कार्यक्रम संचालन हुने स्थान	कैफियत
जीविकोपार्जन सुधार कार्यक्रम	विपन्न महिला	९००	महाराजगंज नगरपालिका	

आवश्यक कागजातहरु

१. निवेदन,
२. संस्थाको विधान, परिचय, उद्देश्य, कार्यसंचालन प्रकृया, भौतिक तथा वित्तीय स्रोत सम्बन्धी विवरण,
३. प्रस्तावित व्यवसायको अवधारणापत्र, व्यवसायको क्षेत्र, तालिम अवधि र स्रोत परिचालन सहितको व्यवसायिक योजनाको विवरण,
४. संस्था दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपी,
५. अघिल्लो वर्षको लेखा परीक्षण प्रतिवेदन,
६. अघिल्लो वर्षको करचुक्ता प्रमाणपत्रको प्रतिलिपी,
७. प्रस्तावित कार्यक्रम संस्थाको योगदानको अंश, अन्य निकायबाट प्राप्त हुने सम्भाव्य सहयोग वा साझेदारीको स्रोत सहितको यथार्थ विवरण,
८. कालोसूचीमा नपरेको र प्रचलित कानुनबमोजिम अयोग्य नरहेको स्वःघोषणा,
९. प्रस्ताव दर्ता गर्दा संस्थाले विपन्न र एकल महिलाको आर्थिक उत्थान तथा सशक्तिकरण हुने गरी व्यवसायिक सम्भाव्यता समेत उल्लेख गरी सोको कार्यान्वयन कार्ययोजना सहितको प्रस्ताव पेश गर्नुपर्ने छ ।

नोटः कार्यविधिको लिङ्क (https://mowcsc.gov.np/content/445/local-level-livelihood-improvement-program-implementation-procedure/)

२०८३/०७/०९
हिमाल गौतम
प्रमुख प्रशासकीय अधिकृत

महाराजगंज नगरपालिका नगर कार्यपालिकाको कार्यालय महाराजगंज, कपिलवस्तु

"स्थानीय तहमा जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०८२" बमोजिम जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालनकालागि संस्थाको कार्यगत क्षेत्र (TOR) तथा जिम्मेवारीहरू:

१. संस्थाको योग्यता तथा प्रस्ताव पेश गर्ने प्रक्रिया

- **योग्यता:** प्रचलित कानुन बमोजिम दर्ता र नवीकरण भएको, प्रत्येक वर्ष लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरेको तथा प्रचलित कानुन बमोजिम कालोसूचीमा नपरेको र अयोग्य नरहेको संस्था हुनुपर्नेछ।
- **प्रस्ताव पेश गर्ने:** स्थानीय तहले प्रकाशन गरेको १५ दिने सार्वजनिक सूचनाको आधारमा संस्थाले आफ्नो अवधारणापत्र, व्यावसायिक कार्ययोजना (अनुसूची-४ र ५ अनुसार) तथा आवश्यक कागजातसहित प्रस्ताव पेश गर्नुपर्नेछ।

२. तालिम तथा लक्षित वर्गको छनौट

- **सहभागी संख्या र अवधि:** संस्थाले व्यवसायको प्रकृति हेरी २५ जना लक्षित महिलाहरूलाई सहभागी गराई कम्तीमा ५ दिनको तालिम तथा व्यावसायिक विकास योजना पेश गर्नुपर्नेछ।
- **लक्षित महिलाको प्राथमिकता:** विपन्न वा बहुविपन्न, एकल, हिंसापीडित, मानव बेचबिखनबाट प्रभावित, भूमिहीन, सीमान्तकृत समुदाय तथा दलित महिलाहरूलाई प्राथमिकता दिई एक परिवारबाट एक जना मात्र सहभागी छनौट गर्नुपर्नेछ।

३. कार्यसञ्चालनका क्षेत्रहरू

संस्थाले मुख्यतया देहायका क्षेत्रहरूमा केन्द्रित भई तालिम तथा कार्यक्रम सञ्चालन गर्नुपर्नेछ:

- **कृषि, पशुपालन तथा उत्पादनमूलक क्षेत्र:** सहकारी खेती, सामूहिक खेती, आधुनिक खेती, पशुपालन, माछापालन र मौरीपालन आदि।
- **पर्यटन तथा आतिथ्यता क्षेत्र:** होमस्टे, ट्रेकिङ, टुर गाइड र स्थानीय संस्कृतिमा आधारित व्यवसाय।
- **गैर-कृषि क्षेत्र:** वन पैदावार, लोक्ता कागज, अल्लो, जडीबुटी प्रशोधन, ढाका बुनाई, होजियारी, हस्तकला, ड्राइभिङ, प्लम्बिङ र इलेक्ट्रीसियनसम्बन्धी कार्यहरू।

४. कार्यक्रम कार्यान्वयन तथा संस्थाको जिम्मेवारी

- **समन्वय र मितव्ययिता:** स्थानीय तहसँग सम्झौता गरेपश्चात कार्यादेश र कार्यविधिबमोजिम मितव्ययी तथा प्रभावकारी रूपमा कार्यक्रम सञ्चालन गर्ने।
- **टेवा पुँजीको सदुपयोग:** तालिम प्राप्त लक्षित महिलाहरूलाई प्रदान गरिने व्यवसाय स्थापना खर्च (टेवा पुँजी अनुदान, प्रतिव्यक्ति बढीमा रु. २६,०००) अनिवार्य रूपमा सम्बन्धित व्यवसायमा परिचालन भएको सुनिश्चित गर्ने।
- **अनुगमन तथा प्रवर्द्धन:** व्यवसाय पूर्ण रूपमा स्थापित नभएसम्म महिनाको एकपटक बैठक राखी समस्या समाधानका उपायहरू खोज्ने, नजिकैको उत्कृष्ट व्यवसायको स्थलगत अवलोकन गराउने र प्राविधिक सहयोग तथा बजारीकरणमा सहजीकरण गर्ने।

हिमाल गौतम
प्रमुख प्रशासकीय अधिकृत

महाराजगंज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
महाराजगंज, कपिलवस्तु
२०७३

५. भुक्तानी, लेखापरीक्षण तथा प्रतिवेदन पेश गर्ने

- **पेश्की तथा भुक्तानीः** सम्झौता भएपश्चात प्रचलित कानूनबमोजिम ७५ प्रतिशत पेश्की रकम उपलब्ध गराइनेछ र कार्यक्रम सम्पन्न भएपछि बिल-भरपाई तथा प्रतिवेदनका आधारमा पेश्की फछ्यौट गरी बाँकी रकम शोधभर्ना गरिनेछ।
- **प्रतिवेदन पेश गर्नेः** कार्यक्रम सम्पन्न भएपश्चात कार्यविधिमा निर्धारित ढाँचा (अनुसूची-८) बमोजिमको खर्चको फाँटवारी र विस्तृत प्रतिवेदन स्थानीय तहमा पेश गर्नुपर्नेछ।

हिमाल गौतम
प्रमुख प्रशासकीय अधिकृत